का.जि.प्र.का.द.नं. १००/०५९/६०

२१ चैत २०८०,
बुधबार
3 April 2024,
Wednesday

मूल्य रु. ५/-

# मध्यान्ह
राष्ट्रिय दैनिक

ईपेपर हेर्नु

वर्ष २२, अंक ५० । पृष्ठ १२ Madhyanha National Daily www.madhyanhadaily.com

# प्रधानमन्त्रीलाई भाग पुऱ्याउनै सकस



प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डलाई आफू जोगिन प्रदेश सरकारमा समीकरण मिलाउन आवश्यक छ । यसकारण उनी प्रत्येक दललाई भाग दिइरहेका छन् । एकलाई दिने भन्दा अर्कोले नमान्दा उनलाई सकस परिरहेको छ ।

**मुकुन्द लामिछाने/मध्यान्ह**
काठमाडौं, २० चैत ।

नेकपा एमाले र नेकपा माओवादी केन्द्रसहितको नयाँ सत्ता गठबन्धन प्रदेश सरकार आफूअनुकुल बनाउनेतर्फ केन्द्रित भएको छ । यसक्रममा सोमबार बागमती प्रदेशका मुख्यमन्त्री शालिकराम जम्कट्टेलले विश्वासको मत लिए । जम्कट्टेललाई विश्वासको मत दिनु अगाडि नेकपा एकीकृत समाजवादीले आलोपालो मुख्यमन्त्रीमा दाबी गरेको थियो ।

प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्ड समेतको उपस्थितिमा नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओली र एकीकृत समाजवादीका अध्यक्ष माधव नेपालबीच भेट भएर आलोपालो मुख्यमन्त्रीमा सहमति भएपछि बागमती प्रदेश सरकार नयाँ गठबन्धन अनुकुल भएको छ । सहमति कार्यान्वयन भए बागमती प्रदेशमा बाँकी कार्यकालका लागि थप तीन जना मुख्यमन्त्री बन्नेछन् । नयाँ मुख्यमन्त्रीमा नेकपा एमाले, नेकपा एकीकृत समाजवादी र हाम्रो नेपाली पार्टीमा नेता आउनेछन् ।

बागमती प्रदेश बाहेकका प्रदेश सरकारमा पनि एक भन्दा बढी मुख्यमन्त्री बन्ने गरी आलोपालोको सहमति शीर्ष तहमा भएको बताइन्छन् । सुदूरपश्चिम प्रदेश सरकार नयाँ गठबन्धन अनुकुल बनाउन सकस परिरहेका बेला प्रधानमन्त्री प्रचण्डले मंगलबार नागरिक उन्मुक्ति पार्टीका संरक्षण रेशम चौधरी र नाउपाकी अध्यक्ष रञ्जिता श्रेष्ठसँग समेत भेट गरेका छन् ।

पछिल्लो समय शीर्ष नेताहरु पनि दिनहुँजसो भेटिरहेका छन् । मंगलबार पनि प्रदेशको भागबण्डा टुंगो लगाउन सत्ता गठबन्धनका नेताहरु छलफलमा जुटेका थिए । निरन्तरको छलफलले भागबण्डा करिब टुंगिएको छ । शीर्ष सहमति अनुसार सबै प्रदेशमा आलोपालो मुख्यमन्त्री लिने सहमति भएको छ । साथै पहिलो चरणमा कुन प्रदेशको नेतृत्व कसले गर्ने भन्ने पनि करिब टुंगो लागेको छ ।

तर, शीर्ष सहमति कार्यान्वयनमा सकस देखा पर्न थालिसकेको छ । कर्णाली प्रदेशमा एमालेले सरकारको नेतृत्व गर्ने शीर्ष सहमति छ ।

हाल माओवादीको नेतृत्व रहेको सरमार फेरेर

पृष्ठ २ मा

# बढ्दो चिनियाँ लगानी

**मनीषा अवस्थी/मध्यान्ह**
काठमाडौं, २० चैत ।

साता दिन लामो चीन भ्रमणका क्रममा नेपाल सरकारका उपप्रधानमन्त्री एवं परराष्ट्रमन्त्री नारायणकाजी श्रेष्ठले जलविद्युत, कृषि तथा पूर्वाधार क्षेत्रमा उच्च सम्भावना रहेको जनाउँदै ती क्षेत्रमा लगानीका लागि चिनियाँ पक्षसँग आग्रह गरे ।

श्रेष्ठले चीन भ्रमणमा भएको उच्च पदस्थ भेटघाटमै नेपालमा विदेशी लगानीलाई प्रोत्साहित गर्न कानुनी, संरचनात्मक तथा प्रक्रियागत उल्झन हटाइएको भन्दै लगानी बढाउन आग्रह गरेका थिए । तेस्रो लगानी सम्मेलनको सम्मुखमा चिनियाँ पक्षसँग गरेको औपचारिक आग्रहलाई चासोपूर्वक हेरिएको छ ।

विश्व शक्ति राष्ट्रको दौडमा रहेको चीनले नेपालमा पछिल्ला वर्षहरुमा विश्वभरी आफ्नो लगानी बढाउँदै गएको छ । नेपालमा पनि पछिल्ला वर्षमा अन्तर्राष्ट्रिय लगानीको तुलनामा चिनियाँ लगानी सबैभन्दा बढी देखिन्छ । चीनले बेल्ट एन्ड रोड इनिसिएटिभ्स (बीआरआई) सञ्चालनको योजना अघि सारेपछि चिनियाँ लगानी बढ्न थालेको छ । सडक, यातायात, रेल र ऊर्जाका माध्यमबाट व्यापार विस्तार गर्ने सोचका साथ सुरु गरिएको परियोजनाले ६४ भन्दा बढी देशमा लगानी केन्द्रित गरेको छ ।

> कुनै बेला पंखा बनाउन ४० हजार दिने चिनियाँ सरकारको लगानी नेपालमा अहिले आकाशिएको छ । विदेशी लगानी शुरु भएदेखि चालु आर्थिक वर्षको कातिकसम्म ३ खर्ब ८९ अर्ब ५१ करोड रुपैयाँ लगानीको प्रतिबद्धता आएको छ ।

नेपालमा प्रत्यक्ष वैदेशिक लगानी (एफडिआइ) मा एक दशकअघिसम्म भारत अगाडि थियो । आर्थिक वर्ष २०६९/७० देखि भने भारत उछिन्दै चीनले उछिनेको छ । २०६९/७० मा चीनले नेपालको कुल प्रत्यक्ष वैदेशिक लगानीको २९ प्रतिशत हिस्सा ओगटेको थियो भने गत आर्थिक वर्ष हङकङसहित चिनियाँ लगानी ५० प्रतिशत नै पुगिसकेको छ ।

## पंखाबाट हाइड्रोसम्म !

नेपाली बजारमा पंखाबाट शुरु भएको चिनियाँ लगानी ठूला हाइड्रोसम्म पुगेको छ । इतिहासअनुसार तत्कालीन लालदरबारमा चिनियाँ लगानीमा 'कुल बिजुली पंखा' स्थापना भएको थियो । यो उद्योगमा चाइना सिचुवान कर्पोरेसनले लगानी गरेको थियो । कुल बिजुली पंखा उद्योगले वार्षिक ४० हजार पंखा बनाउँथ्यो ।

नेपालमा विदेशी लगानी शुरु भएदेखि चालू आर्थिक वर्षको कात्तिकसम्म ३ खर्ब ८९ अर्ब ५१ करोड रुपैयाँ लगानीको प्रतिबद्धता आएको छ । तथ्यांकअनुसार हालसम्म वैदेशिक लगानी आएका ५ हजार ५४५ वटा उद्योग मध्ये चीन (हङकङ र ताइवानसमेत) बाट मात्रै २ हजार ८९ वटा उद्योगमा लगानी छ । गत आर्थिक वर्षको अन्त्यसम्ममा नेपालमा कूल विदेशी लगानी ४ खर्ब २१ अर्ब १२ करोड २० लाख पुगेको छ भने चीनले मात्रै २ खर्ब १५ अर्ब ९२ करोड १० लाख रुपैयाँ लगानी गरिसकेको छ । यो कूल लगानीको ५१ प्रतिशतभन्दा बढी हुन आउँछ । यसमध्ये करिब ४० प्रतिशत लगानी हिस्सा चीन मेनल्याण्डको छ । यसबाहेक पछिल्लो समय चिनियाँ पक्षले नेपालमा कयौं क्षेत्रमा लगानीको इच्छा देखाउको उद्योग मन्त्रालयले जानकारी दिएको छ ।

## वर्षमै दर्जन व्यापारिक भ्रमण

नेपालको छिमेकी देश भए पनि भाषा र संस्कृति प्रभाकारी सञ्चार अभावमा केही वर्षअघिसम्म चीनका

पृष्ठ २ मा

# शिक्षामन्त्री सुमनालाई प्रश्नैप्रश्न

> शैक्षिक सुधार कार्यक्रम रद्द गरेको, निजामती कर्मचारीलाई अविश्वास गरेर प्रशिक्षार्थी कर्मचारी भर्ना गर्न खोजेको, भागबण्डाकै आधारमा त्रिविको पदाधिकारीको नियुक्ति प्रक्रिया अगाडि बढेको, विद्यार्थीको उत्तरपुस्तिका हराउनेलाई कारबाही गर्न नसकेको जस्ता प्रश्नहरु शिक्षामन्त्री श्रेष्ठले सामना गर्नुपरेको छ ।



**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, २० चैत ।

सुमना श्रेष्ठ शिक्षा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्री भएको करिब एक महिना भएको छ । प्रतिनिधि सभा सदस्यको रुपमा एक वर्ष संसदमा रहेर सरकारलाई प्रश्न गरेर आफूलाई स्थापित गर्न सफल श्रेष्ठ मन्त्री भएपछि आफैं प्रश्नले घेरिन थालेकी छन् । कतिपय मन्त्री स्तरीय निर्णयमा उनले प्रश्नहरुको सामना गर्नुपरेको छ भने कतिपय अवस्थामा विगतको निरन्तरताको समेत जवाफ दिनुपरेको छ ।

पछिल्लो समय मन्त्री श्रेष्ठ शिक्षा मन्त्रालयमा प्रशिक्षार्थी कर्मचारी भर्ना गर्ने गरी आएको 'प्रशिक्षार्थी (इन्टर्न) सम्बन्धी कार्यविधि २०८० का कारण विवादमा आएकी छन् । शिक्षा मन्त्रालयमा अनुसन्धान, लेखन, डेटा भिज्युलाइजेसन, सञ्चारयोग्य सामाग्री निर्माण, दैनिक सेवा प्रवाह चुस्त पार्न प्रशिक्षार्थी कर्मचारी लिने गरी कार्यविधि ल्याएपछि संसदमा यसबारे संसदमा चर्को स्वरमा विरोध भएको छ ।

प्रशिक्षार्थी कर्मचारी भर्ना गर्ने प्रवृतिले निजामति प्रशासनलाई प्यारालाइज्ड गर्ने भन्दै नेकपा एकीकृत समाजवादीका उपाध्यक्ष समेत रहेका प्रतिनिधि सभा सदस्य राजेन्द्र पाण्डे प्रश्न गर्छन, 'यो कार्यविधि कुन ऐन अन्तर्गत बन्यो ? कर्मचारी बाहिरबाट ल्याएर मन्त्रालयको काम चलाउन खोज्दा निजामति कर्मचारीतन्त्रमाथि हस्ताक्षेप हुन्छ कि हुँदैन ? कर्मचारीको मनोबल गिर्छ कि गिर्दैन ?'

यो प्रश्न सिंगो सरकारले सुन्नुपर्ने उनको भनाइ छ । यसमा प्रधानमन्त्री गम्भीर हुनुपर्ने उनको माग छ । पाण्डे प्रश्न गर्छन, 'प्रधानमन्त्रीले सरकारका मन्त्रीले आफूखुसी मन्त्रालय चलाउने छुट दिनुभएको हो ? यो सबै छुट्टै आइल्याण्ड हो ? जे मन लाग्यो त्यही निर्णय गर्न पाइन्छ ?'

शिक्षामन्त्रीले झैं गृहमन्त्रीले छुट्टै प्रशिक्षार्थी पुलिस र रक्षामन्त्रीले प्रशिक्षार्थी सेना भर्ना गर्न पाउने कि नपाउने ? भन्ने प्रश्न

पृष्ठ २ मा

## वैदेशिक रोजगार विशेष

# तीन दर्जन व्यक्तिको ६ करोड बढी ठगी

**मध्यान्ह संवाददाता**
काठमाडौं, २० चैत

प्रहरीले वैदेशिक रोजगारमा विभिन्न देश पठाइदिन्छु भनि दर्जनौं व्यक्तिको ६ करोड रूपैयाँभन्दा बढी ठगी गरेको उजुरीका आधारमा एक जनालाई पक्राउ गरेको छ । प्रहरीले बेरोजगार युवायुवतीहरुलाई आकर्षक तलबको प्रलोभन देखाएर वैदेशिक रोजगारीमा पठाउने भन्दै रकम लिएपश्चात विदेश नपठाइ सम्पर्कविहीन भएका झापाको कमल गाउँपालिका ७ घर भइ हाल काठमाडौं कागेश्वरी मनोहरा बस्दै आएका ३७ वर्षीय केदार चौधरीलाई पक्राउ गरेको हो ।

> वैदेशिक रोजगार विभागमा हाल शैक्षिक कन्सल्ट्यान्सी, ट्राभल्स एजेन्सी र व्यक्तिगतरूपमा युरोपेली मुलुकमा पठाउने भन्दै ठूलो परिणामको रकम ठगी भएको जाहेरी पर्ने गरेका छन् ।

चौधरीले सुमन राईसमेत ३५ जनालाई वैदेशिक रोजगारका लागि बेलायत पठाइदिन्छु भनि प्रतिव्यक्ति ९ लाखदेखि २० लाख रूपैयाँ उठाइ भारतका विभिन्न स्थानमा पुऱ्याउने र नेपाल फर्काउने गरेको खुल्न आएको प्रहरीले बताएको छ । उनले एक्सपर्ट कन्सल्ट्यान्सी खोलेर कतिपयलाई अजरबैजानसम्म पुऱ्याइ रकम असुली गरेको पाइएको प्रहरीले बताएको छ ।

वैदेशिक रोजगार विभागमा हाल शैक्षिक कन्सल्ट्यान्सी, ट्राभल्स एजेन्सी र व्यक्तिगतरूपमा युरोपेली मुलुकमा पठाउने भन्दै ठूलो परिणामको रकम ठगी भएको जाहेरी पर्ने गरेका छन् । केदार चौधरीले ६ करोड ठगी गरेको उजुरी पनि ठूलो बिगोको उजुरी अन्तर्गत रहेको प्रहरीले बताएको छ ।

यसअघि ठूलो अंक बिगोको वैदेशिक रोजगार ठगी घटनामा विकास वाइबा भन्ने सुजन तामाङ र अर्जुन तामाङ भन्ने कर्मा तामाङ पक्राउ परेका थिए । वैदेशिक रोजगार

पृष्ठ २ मा

### विदेश उड्ने बेला बैंक एकाउन्टमा रकम आउँदा दंग



**काठमाडौं/मस–** रोजगारीका लागि मलेसिया जाँदा म्यानपावर कम्पनीलाई आफन्त र साथीभाइले ठूलो रकम खर्च गरेको देखेका धनुषाका नथुनी धानुक आफू जाने बेलामा म्यानपावर कम्पनीले उल्टै बैंक एकाउन्टमा १५ हजार पठाएपछि छक्क परे ।

उनीमात्रै नभइ फ्युजन इन्टरनेशनल प्रा.लि.बाट मलेसियाको सेलङ्गोर राज्यमा

पृष्ठ २ मा

# ओझेलमा सार्क, अघि बढ्यो बिमस्टेक

नेपाल अध्यक्ष रहेको दक्षिण एसियाली क्षेत्रीय सहयोग संगठन (सार्क) अगाडि बढ्न नसकिरहेका बेला भारतको चाहनामा बहुपक्षीय प्राविधिक तथा आर्थिक सहयोगका लागि बंगालको खाडीका देशको प्रयास (बिमस्टेक) अघि अगाडि बढाउन सहयोगी भएको भन्दै संघीय संसदमै प्रश्न उठेको छ ।

**शिव विक/मध्यान्ह**
काठमाडौं, २० चैत ।

वहुपक्षीय प्राविधिक तथा आर्थिक सहयोगका लागि बंगालको खाडीका देशको प्रयास बिमस्टेक वडापत्र प्रतिनिधि सभाबाट अनुमोदन भएको छ । मंगलबार बसेको बैठकमा उपप्रधान तथा परराष्ट्रमन्त्री नारायणकाजी श्रेष्ठले वडापत्र अनुमोदन गरियोस् भन्ने प्रस्ताव प्रस्तुत गरेका थिए । जसलाई सभाले पारित गरेको हो ।

बिमस्टेक वडापत्र अनुमोदन अगाडि सांसदहरुले नेपाल अध्यक्ष रहेको दक्षिण एसियाली क्षेत्रीय सहयोग संगठन (सार्क) अगाडि बढ्न नसकिरहेका बेला भारतको चाहनामा बिमस्टेक अगाडि बढाउन सहयोगी भएको भन्दै संसदमै प्रश्न उठाएका छन् ।

नेकपा एमालेका सांसद रघुजी पन्तले बिमस्टेकको निर्णायक हैसियतमा भारत रहेको बताए । भारतले पाकिस्तानलाई बाहिर राखेर आफ्नो भूमिकालाई अगाडि ल्याउन सार्कलाई ओझेलमा पार्न बिमस्टेक ल्याएको उनको भनाइ छ ।

सांसद पन्त भन्छन्, 'पाकिस्तान भएकै कारण सार्कलाई निष्क्रिय बनाइएको छ । नेपाल सार्कको अध्यक्ष छ, सार्कलाई जगाउने काम नेपालले गर्नुपर्छ । सार्कभित्र हाम्रो भूमिका जति बढी हुन सक्छ बिमस्टेकमा कम हुन सक्छ ।'

बिमस्टेकमा गएपछि नेपालले के-के फाइदा लियो र सम्मेलनमा भाग लिनेबाहेक के-के पायो भन्ने ठोस कुरा केही नदेखिएको भन्दै उनले सार्कलाई अघि बढाउने दायीत्व नेपालको भएको बताए ।

नेकपा माओवादी केन्द्रका सांसद पूर्णबहादुर घर्ती मगरले पनि बिमस्टेकमा सार्कमा साथै रहेको

पृष्ठ २ मा



> बिमस्टेक सार्कको प्रतिस्थापन होइन, हुन सक्दैन । यो सार्कलाई निष्क्रिय बनाउन बिमस्टेक चलाउने कुरासँग हामी सहमत छैनौं ।
>
> **नारायणकाजी श्रेष्ठ**
> उपप्रधान तथा परराष्ट्रमन्त्री

मध्यान्ह
www.madhyanhadaily.com
२१ चैत २०८०, बुधबार
3 April 2024, Wednesday

# आठ महिनाको अवधिमा जुवातास खेल्ने झण्डै दुई हजार पक्राउ



**काठमाडौं/मस-** काठमाडौं ज्याठास्थित होटल भियानामा जुवातास खेलिरहेको अवस्थामा रोल्पा घर भएका ३६ वर्षीय लिला डागी समेत ११ जना गत माघ १५ गते नगद १३ लाख ६२ हजार ५ सय रूपैयाँ र ४ बुक ताससहित पक्राउ परे ।

यसैगरी भक्तपुर चाँगुनारायणस्थित रुद्राक्ष होटलमा जुवातास खेलिरहेको अवस्थामा होटल संचालक ४१ वर्षीय रेल कुमार तामाङ समेत २० जना नगद ६ लाख ७ हजार ५ सय रूपैयाँ र ६ बुक ताससहित चैत १९ गते राति पक्राउ परे।

यसैगरी ललितपुर लुभु बस्ने ४७ वर्षीय हरिबोल चौलागाई समेत ११ जना नगद ३ लाख ६४ हजार १ सय २० रूपैयाँ र ६९ बुक ताससहित चैत ३ गते जुवातास खेल्दै गर्दा पक्राउ परे ।

पक्राउ परेका उपरोक्त व्यक्तिहरू जुवातास खेल्ने प्रतिनिधि पात्र मात्र हुन् । चालू आर्थिक वर्षको साउनदेखि फागुनसम्म ८ महिनाको अवधिमा जुवातासमा संलग्न १ हजार ८१७ जना पक्राउ परेका छन् । जसमध्ये काठमाडौं उपत्यकाबाट ७७९ जना, कोशी प्रदेशबाट ११५ जना, बागमती प्रदेशबाट ११३ जना, गण्डकी प्रदेशबाट २९९ जना, लुम्बिनी प्रदेशबाट ९४ जना, कर्णाली प्रदेशबाट १०४ जना र सुदूरपश्चिम प्रदेशबाट ३१३ जना रहेका छन्। उक्त अवधिमा उनीहरूको साथबाट २ करोड ६३ लाख ४५ हजार ४१७ रूपैयाँ बरामद भएको छ । जसमध्ये काठमाडौं उपत्यकाबाट १ करोड ४१ लाख ४ हजार ३५९ रूपैयाँ, कोशी प्रदेशबाट १७ लाख ८८ हजार ६२५ रूपैयाँ, बागमती प्रदेशबाट २३ लाख ७३ हजार १९४ रूपैयाँ, गण्डकी प्रदेशबाट ३७ लाख ३४ हजार ७५९ रूपैयाँ, लुम्बिनी प्रदेशबाट ७ लाख ३७ हजार ४७२ रूपैयाँ, कर्णाली प्रदेशबाट ९ लाख ६४ हजार ७२१ रूपैयाँ र सुदूरपश्चिम प्रदेशबाट २६ लाख ४२ हजार २८७ रूपैयाँ बरामद भएको हो ।

सो अवधिमा जुवातास खेल्नेहरूबाट ५५४ बुक तास, २५० थान कौडा लगायतका सामान बरामद भएको छ । जसमध्ये काठमाडौं उपत्यकाबाट २७९ बुक तास तथा ९८ थान कौडा, कोशी प्रदेशबाट ४४ बुक तास तथा १६ थान कौडा, बागमती प्रदेशबाट २१ बुक तास, ४० थान कौडा, लंगुरबुर्जा तथा जुवा, गण्डकी प्रदेशबाट २९ बुक तास, ९६ थान कौडा, लुडो तथा गोटी, लुम्बिनी प्रदेशबाट ४१ बुक तास, कर्णाली प्रदेशबाट १८ बुक तास र सुदूरपश्चिम प्रदेशबाट १ सय २२ बुक तास बरामद भएको छ ।

जुवातास खेल्ने व्यक्तिहरू सुराकी र विशेष सूचनाको आधारमा पक्राउ पर्ने गरेका छन् । नेपाल प्रहरीका केन्द्रीय प्रहरी प्रवक्ता प्रहरी नायव महानिरीक्षक भिम प्रसाद ढकाल भन्छन्, 'जुवा खेलेको विशेष सूचना प्राप्त हुनासाथ प्रहरी टोली खटिई रित पूर्वक तलासी लिने गर्दछ । रकम हार जित हुने गरी जुवातास खेल्दा समाजमा नकारात्मक असर बढि हुने हुँदा यसलाई कानुनी दायरामा ल्याइएको हो । खासगरी जुवातास चाडपर्वको समयमा बढि खेल्ने गरेको पाइएता पनि प्रहरीले भने यसलाई सदैव प्राथमिकतामा राखी निग्रानी गरिरहेको हुन्छ । जुवातास जन्य सामाजिक विकृतिलाई निर्मूल पार्न सामाजिक एक्यवद्धता आवश्यक रहेको छ ।'

मुलुकी अपराध संहिता, २०७४ ले जुवा खेल्न वा सट्टाबाजी गर्न नहुने दफा अन्तर्गत पहिलो पटक जुवा खेल्ने वा खेलाउनेलाई तीन महिनासम्म कैद वा तीस हजार रूपैयाँसम्म जरिवाना गर्ने कानूनी व्यवस्था रहेको छ। यसैगरी दोस्रो पटकदेखि जुवा खेल्ने वा खेलाउनेलाई एक वर्षसम्म कैद र पचास हजार रूपैयाँसम्म जरिवाना र त्यसपछिको कसूरमा पटकै पिच्छे थप तीन महिनासम्म कैद र दश हजार रूपैयाँसम्म जरिवाना गर्ने व्यवस्था रहेको छ। साथै जुवा खेल्न प्रयोग भएको साधन र जुवाबाट प्राप्त सम्पूर्ण चलअचल सम्पति जफत हुने कानुनी प्रावधान छ ।

तथ्यांक विश्लेषण गर्दा चाडवाडको बेला र रातको समयमा बढी जुवातास खेल्ने गरेको पाइन्छ। जुवातासको कारण व्यक्ति, घरपरिवार र समाजमा विकृति निम्तिने गर्छ । यसबाट चोरी, डकैती, कुटपिट र हत्या लगायतका अपराध समेत हुने गरेको देखिन्छ । स्वच्छ, व्यवसायिक एवम् नागरिक केन्द्रित प्रहरी सेवा प्रदान गर्ने नेपाल प्रहरीको दृष्टिकोण अनुरूप समाजका विकृति र विसंगती हटाई अपराध नियन्त्रण गर्न प्रहरी कटिबद्ध छ । यसका लागि सचेतना कार्यक्रम सञ्चालन, रेडियो, टेलिभिजन र सामाजिक संजालबाट समेत जानकारीमूलक सामग्री प्रसारण तथा प्रकाशन गर्ने गरिएको छ । प्रहरी नायव महानिरीक्षक ढकाल भन्छन्,'खासगरी जुवातास वा सट्टेबाजी सम्बन्धी कानुनको उद्देश्य सुधारात्मक रहेको पाइन्छ । कानूनको मर्म अनुरूप कार्यान्वयन गरी सामाजिक सद्भाव कायम गर्न नेपाल प्रहरी सदैव सचेत छ ।'

## बागमतीमा एमालेका ४ मन्त्रीले लिए शपथ



**हेटौंडा/मस-** बागमती प्रदेश सरकारमा नेकपा एमालेबाट थप ४ जना मन्त्रीले शपथ लिएका छन् । प्रदेश प्रमुख यादवचन्द्र शर्माले उद्योग, वाणिज्य, भूमि तथा प्रशासन मन्त्रालयमा प्रकाश श्रेष्ठ, वन तथा वातावरण मन्त्रालयमा केशव पोखेल, खानेपानी ऊर्जा तथा सिँचाइ मन्त्रालयमा एकालाल श्रेष्ठ र स्वास्थ्य मन्त्रालयमा रामेश्वर श्रेष्ठलाई शपथग्रहण गराएका हुन्।

प्रकाशबाहेक अरु तीन जना गत २५ पुसमा शालिकराम जम्कट्टेल मन्त्रिपरिषदकै मन्त्री हुन्। रामेश्वर यसअघि पनि स्वास्थ्य मन्त्रालय थिए। पोखरेल कृषि तथा पशुपन्छी विकास मन्त्री र एकालाल श्रम, रोजगार तथा यातायात मन्त्री थिए।

## एसईई परीक्षामा चिट गराउने १२ जना पक्राउ





**मध्यान्ह संवाददाता**
रौतहट, २० चैत

रौतहटका विभिन्न परीक्षा केन्द्रबाट परीक्षामा अमर्यादित कार्य गर्दै गरेको अभियोगमा १२ जनलाई पक्राउ गरिएको छ ।

चैत १५ गते देखि शुरू भएको माध्यमिक शिक्षा परीक्षा एसईईमा सहभागी भएका परीक्षार्थीलाई चिट चोरी गराउने आरोपमा परीक्षा केन्द्रमा खटिएका १२ जनालाई नियन्त्रणमा लिइएको हो ।

मंगलबार रौतहट जिल्लाको मौलापुर नगरपालिका अन्तर्गत प्राथमिक विद्यालय गम्हरियामा कार्यरत शिक्षक राम अमोद प्रसाद यादवलाई परीक्षा अनुगमन टोलीले मोबाइल मार्फत चिट चोरी गराउँदै गरेको अवस्था पक्राउ गरेको शिक्षा विकास तथा समन्वय इकाई कार्यालयका प्रमुख राम विनय सिंहले बताए ।

सञ्चालन रहेको एसईई परीक्षालाई मर्यादित बनाउने उद्देश्यले नियमित रुपमा परीक्षा अनुगमनको क्रममा अनुगमन टोलीले विभिन्न ३१ परीक्षा केन्द्रबाट अहिले १ हजार ७ सय थान मोबाइल बरामद गरिएको जिल्ला स्तरीय परीक्षा समितिका संयोजक एवं प्रमुख जिल्ला अधिकारी हीरालाल रेग्मीले बताए । परीक्षा हलबाट चेकजाँच गर्ने क्रममा बरामद गरिएको मोबाइल तथा चिट चोराउने कार्य गर्ने आरोपमा पक्राउ परेकामाथि थप अनुसन्धान गरी कानूनी कारबाही गर्ने प्रमुख जिल्ला अधिकारी रेग्मीले बताए ।

### प्रधानमन्त्रीलाई...

एमाले नेतृत्वमा सरकार बनाउने शीर्ष सहमति अनुसार मुख्यमन्त्री राजकुमार शर्माले राजीनामा दिनुपर्ने थियो। तर, शर्माले बुधबार विश्वासको मत लिने निर्णय प्रदेश संसदीय दलको बैठकबाट निर्णय गराएका छन् ।

कोशी प्रदेशमा एमालेले सरकारको नेतृत्व गर्ने भनिएको छ । तर, कांग्रेसका केदार कार्की राजनीतिक दलका आधारमा नभइ प्रदेश सभा सदस्यको हैसियतमा स्वतन्त्र सरकारको रुपमा मुख्यमन्त्री छन् । उनी हट्ने र नयाँ सरकार बन्ने विषयमा संवैधानिक प्रश्न छ।

मधेशमा भने जसपाले निरन्तर सरकारको नेतृत्व गर्ने भएको छ । गण्डकीमा एमाले र लुम्बिनीमा माओवादीले सरकारको नेतृत्व गर्ने शीर्ष सहमति छ। यी प्रदेशमा पनि मुख्यमन्त्रीले विश्वासको मत लिँदैछन् । सुदूरपश्चिम प्रदेशमा नयाँ सरकार बनाउन नागरिक उन्मुक्ति पार्टी निर्णायक छ । तर, यो पार्टी कता रहन्छ भन्ने टुंगो लाग्न सकिरहेको छैन ।

### बढ्दो...

व्यापारीहरुको नेपालमा त्यति उपस्थिति हुने गरेको थिएन । पछिल्ला वर्षहरुमा भने वर्षमा कयौं चिनियाँ व्यापारिक संगठनका प्रतिनिधिहरु नेपालमा भ्रमणमा आउने गरेका छन् । अखिल चीन उद्योग वाणिज्य महासंघ, ओबिओआर अन्तर्राष्ट्रिय व्यापार तथा लगानी प्लेटफर्म, चीनको प्रान्तीय उद्योग वाणिज्य संघहरु लगायत निजी संघसंस्था तथा सरकारी टोलीले नेपालको भ्रमण गर्ने गरेको तथ्यांक छ ।

उनीहरुले नेपाल सरकार र निजी क्षेत्रसँग व्यापार तथा लगानीका विषयमा छलफल गर्ने र यहाँका विभागीय मन्त्री तथा राजनीतिक दलका उच्च पदस्थहरुलाई प्रभावमा पर्ने गरेको छन् । उनीहरुले नेपाली उद्योगी व्यवसायीहरुसँग पनि विशेष भेटघाट गर्ने गरेको उद्योगीहरू बताउँछन् । उद्योगी किशोर प्रधान भन्छन्, 'नेपालमा विदेशी लगानी बढ्नु खुशीको विषय हो। नेपालमा व्यापार बढेपछि यहा भेटघाट लगायत विषयका लागि स्वभाविक रुपमा चीनको उपस्थिति बाक्लो हुन्छ ।'

अन्तर्राष्ट्रिय रुपमै रणनीतिक उपस्थिति बढाउँदै लागेको चीनले नेपालमा पनि लगानी बढाउनु पनि स्वभाविक भएको बताउँदै चीन नेपालका जानकार डा. रमेश ढुंगेल भन्छन्, 'कस्तो लगानी लिने कस्तो नलिनेबारे नेपालले नै निर्णय गर्नुपर्छ ।'

### शिक्षामन्त्री...

गर्दै उनले यस शैलीमा अगाडि गए कहाँ पुगिएला भनी सरकार गम्भीर हुनुपर्ने माग गरे ।

यसका अलावा शिक्षामन्त्री श्रेष्ठले शैक्षिक सुधार कार्यक्रम रद्ध गरेको, भागवण्डाकै आधारमा त्रिविको पदाधिकारीको नियुक्ति प्रक्रिया अगाडि बढेको, विद्यार्थीको उत्तरपुस्तिका हराउनेलाई कारबाही गर्न नसकेको जस्ता प्रश्नहरुको पनि सामना सामना गर्नुपरेको छ ।

नेपाली कांग्रेसका सांसद प्रदीप पौडेल शिक्षामन्त्री सुमना श्रेष्ठले त्रिविमा राजनीतिक रंग कहिले अन्त्य हुन्छ भनी जवाफ दिनुपर्ने बताउँछन् । 'त्रिभुवन विश्वविद्यालयलाई आमूल परिवर्तन गर्छु, राजनीतिको र पनि प्रवेश गर्न दिन्न भन्ने मन्त्रीले नेतृत्व गरिरहेको त्रिवि अहिले कसरी गुज्रिरहेको छ ?' पौडेल प्रश्न गर्छन, 'त्रिविमा नियुक्तिको प्रक्रिया हिजो र आजमा के फरक छ ? राजनीतिक रंग पनि पर्न नदिने भनिरहँदा नियुक्तिको प्रक्रियामा त अहिले राजनीतिकको रंगले नै पोतिएको देखिएको छ त ।'

कांग्रेसकै सांसद कान्तिका सेजुवाल राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम रद्द गरेर शिक्षामन्त्रीले ठीक नगरेको बताउँछिन् ।

सोमबार प्रतिनिधि सभा बैठकको शून्य समयमा बोल्दै उनले भनिन्, 'राष्ट्रपति सुधार कार्यक्रमका लागि विभिन्न जिल्लाबाट प्रस्तावना आह्वान तीन महिना अगाडि गरियो । शिक्षा विभाग हुँदै शिक्षा मन्त्रालयमा पनि आइपुग्यो । तर एक्कासी कार्यक्रम किन रद्द गरियो ? यो प्रश्न मेरो मात्रै होइन्, दुर्गम जिल्लाका सामुदायिक विद्यालयका विद्यार्थी, अभिभावक र शिक्षकहरुको पनि हो । यो कार्यक्रम दुर्गम जिल्लाका विद्यालयका लागि आवश्यक रहेको उनको भनाइ छ। यो कार्यक्रमअन्तर्गत विद्यालय भवन निर्माण, सूचना प्रविधि, प्रयोगशाला र प्राविधिक धार सञ्चालन हुने गरेको छ । यसको नरन्तरताका लागि सांसद सेजुवालको आग्रह छ।

### तीन...

न्यायाधिकरणको आदेशमा हाल पुर्पक्षका लागि थुनामा रहेका उनीहरूले तीन सय ३७ जनाको ५ करोड ५० लाख भन्दाबढी रकम ठगी गरेको अभियोग न्यायाधिकरणमा दर्ता भएको थियो।

तामाङद्वयले पनि हाल पक्राउ परेका चौधरीले जस्तै युरो विइङस एजुकेसन कन्सल्ट्यान्सी नामको संस्थाको आडमा वैदेशिक रोजगारीमा माल्टा, क्रोएसिया, क्यानडा, पोल्याडलगायत देशमा पठाइदिन्छौं भन्दै प्रलोभन दिएर उक्त रकम ठगी गरेको अभियोग छ। ठूलो रकम ठगीको पछाडि केही म्यानपावर सञ्चालक छद्मरूपमा पर्दा पछाडिबाट लागेको पनि वैदेशिक रोजगार विभागको आशंका छ। विभागमा म्यानपावर कम्पनीविरूद्धका ठगीका उजुरी भने घट्दै गएको बताइएको छ ।

त्यसैगरी प्रहरीले वैदेशिक रोजगारका लागि सुमन कुमार बस्नेतलाई फ्रान्स पठाउने प्रलोभन देखाएर ११ लाख ६० हजार ठगेको उजुरीका आधारमा बाँकेको कोहलपुर घर भइ हाल काठमाडौंको टोखा बस्दै आएका जिवराज केसी र वैदेशिक रोजगारीका लागि बेलायत पठाइदिने भनि ७ लाख ६७ हजार रुपैयाँ ठगी गरेको उजुरीका आधारमा म्याग्दी घर भइ हाल कास्कीको पोखरा लेकसाइड बस्दै आएकी नन्द देवी पुन पनि पक्राउ परेका छन् । उनीहरू सबैलाई थप अनुसन्धान तथा कारबाहीका लागि वैदेशिक रोजगार विभाग ताहाचल पठाइएको पनि प्रहरीले बताएको छ ।

### विदेश...

रहेको नेचर ग्रिन एसडीएन बिएसडी कम्पनीमा जान लगेका अन्य २२ जना पनि शून्य लागतमा जान पाउँदा खुसी थिए ।

उक्त रकम मेडिकल गर्दा लागेको ९ हजार ८ सय ९० रुपैयाँ, अन्तर्वार्ताका लागि आउँदा जाँदा र तीन दिन काठमाडौंमा बस्दाको ४ हजार ४ सय १४ रुपैयाँ र अभिमुखीकरण तालिमलगायतमा कामदारले गरेको खर्चअन्तर्गत कम्पनीले फिर्ता गरेको रकम हो ।

वैदेशिक रोजगारीका लागि मलेसिया जानुअघि मंगलबार रोजगारदाता कम्पनीले जुममार्फत 'कसैले भर्ना प्रक्रियामा राहदानी बनाउनेबाहेक कुनै रकम खर्च गरेको भए भन्नू' भनेर प्रश्न राख्दा कसैले कुनै रकम खर्च नगरेको बताएका थिए । फ्युजन इन्टरनेशनल प्रा.लि.का सञ्चालक कुमुद खनालले प्लाष्टिकका सामान उत्पादन गरी युरोपेली बजारमा सप्लाइ गर्ने नेचर ग्रिन एसडीएन बिएसडीबाट फ्याक्ट्री वर्करअन्तर्गत आएको शून्य लागतको डिमाण्डमा मंगलबार दोस्रो समुह पठाएको बताए । उनले शून्य लागतमा जाने कामदार छनोट प्रक्रियामा धेरै सावधानी अपनाउनुपर्ने देखिएको अनुभव पनि सुनाए । सबै मासिक न्यूनतम १५ सय रिंगेट तलबमा गएका हुन् । म्यानपावर सञ्चालक खनालले ओभरटाइमको धेरै चर्चा हुने गरे पनि दाबी गरेर आन्दोलन र हडताल नगर्न उनीहरूलाई आग्रह गरे ।त्यस अवसरमा इशारा नेपालकी अनुजा रिमाल, सुरक्षित आप्रवासनका लागि राष्ट्रिय सञ्जाल (एनएनएसएम)का निवर्तमान अध्यक्ष हरि थापा, इप्यान अध्यक्ष लक्ष्मण भट्टराई, मध्यान्ह दैनिकका पत्रकार रेशम राज पौडेलले शून्य लागतमा जाने कामदारको जिम्मेवारी, उपलब्धि र दायित्वका बारेमा जानकारी गराएका थिए ।

### ओझेलमा...

पाकिस्तान र अफगानिस्तान छुटेको बताए । 'भारत र पाकिस्तानको विवादका कारण सार्क निष्क्रिय भएको छ । विमम्स्टेक सार्कको काउन्टरमा भारतको सक्रियतामा बनेको छ' सरकारको नेतृत्वकर्ता दल माओवादीका सांसद घर्तीले भने । प्रमुख प्रतिपक्षी नेपाली कांग्रेसकी सांसद सीता मिजारले पनि सार्कले अपेक्षाकृतरूपमा काम गर्न नसकेको तर, यही बेला नेपालले विमस्टेक अघि बढाउन भूमिका खेल्ने विषयले नेपालको अन्तराष्ट्रिय छवीमा के कस्तो असर पर्छ भन्ने ख्याल गर्नुपर्ने बताइन् ।

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) की सांसद सोविता गौतमले विमस्टेकले दक्षिणपूर्वी एसियाली देशहरूको संगठन (आसियान) र सार्कलाई जोड्न सक्ने भए पनि सार्क निष्क्रिय हुनु दुःखद भएको बताइन् ।

सांसदहरुको जवाफ दिने क्रममा उपप्रधान तथा परराष्ट्रमन्त्री श्रेष्ठले सार्कलाई सक्रिय बनाउन नसकिएको स्वीकार गरे। सार्कलाई सक्रिय बनाउन अध्यक्षको हैसियतले नेपालले सक्रिय भूमिका निभाउने र प्रयास गर्ने उनको प्रतिवद्धता छ ।

साथै, सार्कको प्रतिस्थापन संस्थाको रुपमा विमस्टेकलाई नेपालले स्वीकार नगरेको परराष्ट्रमन्त्री श्रेष्ठको जिकिर छ । भारतले सार्कलाई विमस्टेकको प्रतिस्थापन संस्थाको रुपमा अघि बढाउन चाहेको भनी सांसदहरुले प्रश्न उठाइरहँदा परराष्ट्रमन्त्री श्रेष्ठले त्यस्तो प्रश्नको खण्डन गरेका हुन् ।

उनले भनेका छन्, 'विमस्टेक सार्कको प्रतिस्थापन होइन, हुन सक्दैन । यो सार्कलाई निष्क्रिय बनाउन विमस्टेक चलाउने कुरासँग हामी सहमत छैनौं ।' श्रेष्ठले बिमस्टेकलाई छुट्टै क्षेत्रीय संगठनको रुपमा बुझेर नेपालले सदस्य राष्ट्रको हैसियतले आफ्नो भुमिका निर्वाह गर्ने बताए । सांसदहरुले प्रश्नका बाबजुत विमस्टेक वडापत्र अनुमोदन गरेका छन् । कक

**Invitation for Bids**

**Guthichaur Rural Municipality**

**Dhalmudi-04, Jumla**

**Invitation for Bids No: NCB/080-081/GRM5**

**Date of publication: 2080/12/21**

1. Guthichaur Rural Municipality, Dhalmudi-04, Jumla invites sealed bids or electronic bids from Nepalese eligible bidders for the construction of Lagna Dekhi Thakurjiu Samma Sadak Nirman. under National Competitive Bidding procedures. The estimated amount for the works is Rs.99,54,184.55 [in estimate amount inclusive VAT & contigency].
2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of [Guthichaur Rularl Municapility, dhaulmudi Jumla, bhandaridipendra019@gmail.com, 9843951496] or may visit PPMO website www.bolpatra.gov.np/egp.
3. A complete set of Bidding Documents may be purchased from the PPMO website www.bolpatra.gov.np/egp.

**Or**

Bidder who chooses to submit their bid electronically may of the bidding documents as mentioned above or may download the bidding documents for e-submission from PPMO's Website www.bolpatra.gov.np./egp,. Bidders, submitting their bid electronically, should deposit the cost (as specified above) of bidding document in the Project's Rajaswa (revenue) account as specified below and the scanned copy (pdf format) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids. Information to deposit the cost of bidding document in Bank:
Name of the Bank: Sunrise Bank Ltd
Name of Office: : Guthichaur Rural Municipality,Jumla
Office Code no. 801066203
Rajaswa (revenue) Account no. : 0780489611701001

4. Pre-bid meeting shall be held at Guthichaur Rural Municipality, Dhalmudi-04, Jumla at 2081/01/14, 2:00 pm
5. Electronic bids must be submitted to the office through PPMO website www.bolpatra.gov.np/egpon or before 12:00 pm on 2081/01/21 Bids received after this deadline will be rejected.
6. The bids will be opened in the presence or not of Bidders' representatives who choose to attend at 14:00, 2081/01/21 at the office of Guthichaur Rural Municipality , Dhalmudi-04, Jumla .Bids must be valid for a period of 90 days after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in .pdf format in case of e-bid, amounting to a minimum of Nrs. 250000 (two lakh fifty Thousand only.) of estimated amount inclusive VAT)], which shall be valid for 30 days beyond the validity period of the bid.
7. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid and bid security shall remain the same as specified for the original last date of bid submission.
8. The power of Authority of this bid-document with Guthichaur Rural Municipality.
9. All Document Should be in Standard Formate.

| S. N | Contract identification | Name of Project | Estimated Amount (including VAT and Contingency) Nrs. | Bid Security amount Nrs. | Bid document Fee (Non Refundable) Nrs |
|---|---|---|---|---|---|
| 1 | NCB/080-081/ GRM5 | Lagna Dekhi Thakurjiu Samma Sadak Nirman | 99,54,184.55 | 2,50,000 | 3000.00 |

# बाढीले बगाएको कुलो नबनेपछि किसान चिन्तित

**दिलमाया शाही/मध्यान्ह**
जुम्ला, २० चैत



चैत महिना जुम्लामा मार्सी धानको बिउ भिजाउने, बेर्ना उत्पादन गर्ने र बिउ छर्ने समय हो । अहिले धेरै जसो जुम्लाका किसानहरुले मार्सी धानको बिउ छरी सकेका छन् ।

तर जुम्लाको हिमा गाउँपालिका वडा नम्बर १ का किसान रुगुविना शाहीले मार्सी धान रोप्ने खेतको कुलो बाढीले बगाएपछि यस पटक धानको बिउ राख्न पाएकी छैनन् । उनले भनिन्,'यो बेर्ना राख्ने समय आएर गइसक्यो, कुलो छैन्, तटबन्धन छैन, पानी छैन, खेतनै बाढीले पुरिँदिएको छ, के गर्ने ?, यस पटक पनि धान रोप्ने अवस्था छैन ।'

वि.सं २०७९ असोज १९ गतेदेखि २६ गतेसम्म एक हप्ता आएको बाढीले हिमा गाउँपालिका वडा नम्बर १ मडापोल्ला, कुच्चेकुना र पागरपालिमा आउने कुलो क्षतविच्छेद बनाइ दिएको थियो । त्यस क्षेत्रमा भएका कतिपय खेतहरु बगरमा समेत परिणत भएका छन् । तर हालसम्म पनि धान खेती गर्ने कुलो र तटबन्धन नबन्दा खेतहरु बाँझो हुन थालेका छन् । गत वर्ष रोपाइँ हुन सकेन । यस वर्ष पनि रोपाइँ नहुने डर किसानमा बढेको छ ।

विपदले बगाएका खेतहरुमा अहिले पनि बालुवा भरिएको देखिन्छ । स्थानीयले यस विषयमा सरकारले ध्यान दिन नसकेको गुनासो गरेका छन् ।

त्यस्तै जिल्लामा खानेपानी कार्यालय छ, कृषि विकास कार्यालय छ, प्रदेश सरकार र केन्द्रीय सरकारले विपदमा बगेका योजनामा ध्यान नदिएको स्थानीय बताउँछन् । हिमा गाउँपालिकाका किसान वीरबहादुर शाहीले कुच्चे कुना, पागरपालिको कुलो नै बन्द भएका कारण यसवर्ष पनि बिउ राख्न नसकेको जानकारी दिए ।

त्यस्तै हिमा गाउँपालिका वडा नम्बर १ का किसानहरु भक्तबहादुर शाही, वीरबहादुर शाही, पदमहादुर शाही, मानबहादुर शाही, रजबहादुर शाही, राजबहादुर, टोपबहादुर शाही, मेघबहादुर शाही, दत्तबहादुर शाही, नन्दबहादुर शाही र नौला शाही लगायत अन्य किसानका खेतहरु गत २०७९ सालको विपदले कुलो बगाउँदा समस्या भएको छ ।

त्यस्तै वडाध्यक्ष रतनबहादुर शाहीले विपदले मुहानमा निसाना नराखेर बगाएरपछि बृहत्त तटबन्धन तथा कुलो मर्मतको कार्य गर्न आवश्यक रहेको बताए । अध्यक्ष शाहीले विपदले बगाएको खेतीयोग्य जमिन र कुलो पुनर्निर्माणका लागि विभिन्न निकायमा पहल गरेपनि प्राथमिकतामा परेको छैनन् । गाउँपालिका र वडा पालिकाको बजेटले त्यस क्षेत्रमा अपुग हुने भएको छ । गत वर्ष खानेपानी तथा सिचाइँ कार्यालयमार्फत कर्णाली प्रदेशमा क्षतिग्रस्त खेत र कुलो पुनर्निर्माणका लागि माग पठाइएको थियो, तर त्यसमा प्राथमिकता नपरेको गुनासो छ । त्यस्तै कर्णाली सरकारले उत्पादन र कृषिलाई प्राथमिकता दिने नीति भएपनि जुम्लामा २०७९ विपदमा क्षति कृषियोग्य जमिनको लेखाजोखा छैन् । कृषि विकास कार्यालय जुम्लाका कार्यालय प्रमुख बालकराम देवकोटा अनुसार क्षतियोग्य जमिन र भत्किएका कुलाको अवस्थाका विषयमा जानकारी नभएको बताए । कहाँ के क्षति भएको छ ?, पुनर्निर्माणमा के भएको छ ?, भन्ने विषयमा कार्यालयको तथ्यांक हेर्ने उनले बताए ।

# नेत्र ज्योति संघ जिल्ला शाखाको साधारण सभा सम्पन्न

**सत्येन्द्र प्रताप सिंह/मध्यान्ह**
रौतहट, २० चैत




नेपाल नेत्र ज्योती संघ शाखा रौतहटको वार्षिक साधारण सभा सम्पन्न भएको छ । नेत्र ज्योती संघ शाखा रौतहटका सभापति विजयकुमार सिंहको सभापतित्वमा सम्पन्न वार्षिक साधारण सभामा गौर नगरपालिकाका नगर उप-प्रमुख शैलकुमारी साहको प्रमुख आतिथ्यता रहेको थियो । कार्यक्रममा विशिष्ट अतिथिमा नेपाल नेत्र ज्योति संघ मधेश प्रदेशका प्रमुख सचिव संजिवकुमार मल्लिक, पूर्व सभापति दुर्गा प्रसाद यादव, सचिव बच्चा प्रसाद यादव, कोषाध्यक्ष शिवमंगल प्रसाद साह, अस्पतालका मेडिकल डायरेक्टर डा. प्रज्वल बस्नेत, गौर नपा ९ का वडाध्यक्ष अर्जुन सिंह, आजिवन सदस्य एवं नागरिक अभियन्ता डा.नन्दकिशोर झा लगायतको उपस्थिति रहेको थियो ।

त्यस्तै आजिवन सदस्य तथा समाजसेवी रेबन्त झा, मधेश प्रदेश आजिवन सदस्य भुवनी देवी श्रेष्ठ लगायतका आजिवन सदस्य तथा नेपाल नेत्र ज्योति संघका पदाधिकारी एवं सदस्यहरुको उपस्थिति रहेको सभापति विजयकुमार सिंहले जानकारी दिए । वार्षिक साधारण सभाको सञ्चालन गौर आँखा अस्पतालका कार्यक्रम सञ्चालक सत्येन्द्र पाण्डेले गरेका थिए ।

नेपाल सरकार
अर्थ मन्त्रालय
भन्सार विभाग
**राजापुर भन्सार कार्यालय**
राजापुर, बर्दिया

**बोलपत्र स्विकृत गर्ने आशयको सूचना**

सूचना नं. ०२/०८०-०८१
प्रकाशित मिति : २०८०-१२-२१ गते

यस कार्यालयबाट मिति २०८०/११/१५ गते मध्यान्ह राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित बोलपत्र सम्बन्धी सूचना तथा www.bolpatra.gov.np/egp मार्फत आव्हान गर्दा दर्ता हुन आएका बोलपत्रदाताहरु मध्ये तपसिल अनुसारको बोलपत्रदाताको बोलपत्र न्यूनतम् मूल्यांकित सारभूत रुपमा प्रभावग्राही भई स्वीकृतीको लागि छनौट भएकाले सार्वजनिक खरिद ऐन-२०६३ को दफा-२७ को प्रयोजनको लागि बोलपत्र स्वीकृत गर्ने आशयको सूचना सम्बन्धित सबैको जानकारीको लागि प्रकाशित गरिएको छ।

तपसिलः-

| सि. नं. | ठेक्का नं. | योजनाको नाम | बोलपत्र दाताको नाम | कबोल अंक (with PS & VAT) |
|---|---|---|---|---|
| १. | RCO/BARDIYA/NCB/WORK/CUSTOMS.BLG/080-081/01 | Construction of First Floor in Depot Building at Rajapur Customs Office, Bardiya | श्री भादा कंस्ट्रक्शन गुलरिया बर्दिया | २४,७६,१७३.२० |

कार्यालय प्रमुख

# जिल्ला अस्पताल हुम्लाको अर्धवार्षिक समीक्षा सम्पन्न

**ओबराज शाही/मध्यान्ह**
हुम्ला, २० चैत



जिल्ला अस्पताल हुम्लाले २०८०/८१ को अर्धवार्षिक समीक्षा गोष्ठी सम्पन्न गरेको छ । जिल्लाका सात वटै गाउँपालिकाका स्वास्थ्य शाखा प्रमुखलाई बोलाएर अस्पतालले समीक्षा गोष्ठी सम्पन्न गरेको हो । गोष्ठीमा असारदेखि पुस महिनासम्म स्वास्थ्य क्षेत्रमा भए, गरेका कामको प्रगति विवरणको बारेमा समीक्षामा प्रस्तुत गरिएको थियो ।

जिल्ला अस्पतालदेखि गाउँपालिकामा भएका सामुदायिक अस्पतालले ६ महिनासम्म सेवा लिन आएका नागरिकलाई कस्ता खालका सेवा प्रदान गरेका छन् भन्ने विषय वस्तुलाई प्रष्ट पार्न यो अर्धवार्षिक समीक्षा गोष्ठी सञ्चालन गरिएको जिल्ला अस्पताल हुम्लाका प्रमुख प्रेमबहादुर सिंहले बताए ।

अर्धवार्षिक समीक्षामा आ-आफ्नो गाउँपालिकाभर स्वास्थ्य क्षेत्रमा गरिएको काम, कमी कमजोर,पूर्वाधार, स्वास्थ्य सामग्री, स्वास्थ्यकर्मी भए/नभएको विषयबस्तु समेटेर प्रस्तुत गरिएको थियो । त्यस्तै ६ महिनासम्म सुत्केरी महिलाको विवरण, खोप लगायका बालबालिकाको विवरण, विरामीको रोगको आधारमा वर्गीकरण, कति बिरामीले स्वास्थ्य क्षेत्रमा उपचार गरेको छन्, त्यसको विवरण, मृत्युदर, जन्मदर, औषधिको विवरण जस्ता विषय बस्तुमा सात वटै गाउँपालिका स्वास्थ्य शाखा प्रमुखले विवरण प्रस्तुत गरेका थिए ।

जिल्लाको दक्षिण क्षेत्रका ताजाकोट, अदानचुलि, चंखेली र सर्केगाड गाउँपालिकामा स्वास्थ्य क्षेत्रको रिपोर्टिङ गर्न धेरै समस्या भएको देखिएको छ । उक्त गाउँपालिकाहरुमा इन्टरनेट सेवा प्रवाह नहुँदा यो समस्या देखिएको स्वास्थ्य शाखा प्रमुखले बताएका थिए । उत्तरी नाम्खा, सिमकोट र खार्पुनाथमा गाउँपालिकामा भने चारवटा गाउँपालिका भन्दा रिपोर्टिङमा सहज देखिएको छ । उक्त गाउँपालिकाहरुमा इन्टरनेट र बत्तीको सुविधा रहेको छ । स्वास्थ्य क्षेत्रमा सबै भन्दा चुनौती खोपमा देखिएको हुँदा त्यसलाई समाधान गर्नतिर जाने जिल्ला अस्पताल हुम्लाका प्रमुख सिंहको भनाइ छ ।

साउनदेखि पुससम्म जिल्ला अस्पतालले भए/गरेको कामको विवरण जिल्ला अस्पतालका डाक्टर सुनिल पुजाराले प्रस्तुत गरेका थिए । जिल्लामा हरेक समस्याका बाबजुद पनि जिल्ला अस्पतालले हरेक कठिनाइ भोग्दै काम गरेको हुँदा अझैं निरन्तर सेवामा लाग्नुपर्ने प्रमुख जिल्ला अधिकारी बिनोद कुमार पोखेलले बताए ।

त्यस्तै जिल्ला अस्पतालमा भएका पुराना सामग्री बनाएर प्रयोग गरेर काममा खटिनु आवश्यक देखिएको सिमकोट गाउँपालिका अध्यक्ष बिजय भण्डारीले बताए । दुरदराजमा रहेका नागरिकले राम्रोसँग स्वास्थ्य सेवा पाएको हुँदा जिल्ला अस्पतालले अझैं सहयोग गर्नुपर्ने जिल्ला समन्वयकी कावा अध्यक्ष सरिता रावतले बताइन् ।

**ब्याँस गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**सुन्सेरा, दार्चुला**
**सुदूरपश्चिम प्रदेश, नेपाल**

**रोजगार संयोजक करारमा पदपूर्ति गर्ने सम्बन्धी सूचना**

**प्रथम पटक प्रकाशित मितिः २०८०।१२।२० गते,**
**ने.सं. ११४४ चिल्लागा, ८ मंगलवार**

ब्याँस गाउँपालिका रोजगार सेवा केन्द्रमा (प्रधानमन्त्री रोजगार कार्यक्रम) रिक्त रहेको रोजगार संयोजक एक (१) पदमा खुल्ला प्रतिश्पर्धाबाट करारमा पदपूर्तिका लागि निम्न बमोजिम योग्यता पुगेका इच्छुक नेपाली नागरिकले १५ दिनभित्र माग बमोजिमका विवरण र राजस्व तिरेको रसिद सहित यस कार्यालयमा निवेदन पेश गर्न यो सूचना प्रकाशन गरिएको छ ।

| क्र.सं | विज्ञापन नं | पद | तह | संख्या |
|---|---|---|---|---|
| १ | १२-२०८०/८१ | रोजगार संयोजक | स्थानीय सेवाको छैटौ वा सो सरह | १ जना |

१. **आवश्यक न्युनतम् शैक्षिक योग्यता र अनुभवः**
 (क) नेपाल सरकारबाट मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तिमा स्नातक वा सो सरह उतिर्ण गरेको ।
 (ख) दरखास्त दिने अन्तिम मितिमा २१ वर्ष पुरा भई ४५ वर्ष ननाघेको ।
 (ग) आधारभूत कम्प्युटर सिप सम्बन्धि कम्तिमा तीन महिने तालिम लिएको ।
२. **दरखास्त दिने स्थानः** ब्याँस गाउँ कार्यपालिकाको कार्यालय, सुन्सेरा, दार्चुला ।
३. **दरखास्त दिने अन्तिम मितिः** २०८१।०१।०४ गते (सार्वजनिक विदा परेमा दोस्रो दिन) ।
४. **आवेदन दस्तुरः** १००० (एक हजार मात्र)
५. **छनौटको किसिमः** प्रारम्भिक योग्यता क्रमको सूची प्रकाशन र लिखित परीक्षा तथा प्रयोगात्मक परीक्षा ।
६. **आवेदन साथ संलग्न कागजातहरुः** आवेदक स्वयंले प्रमाणित गरेको देहाय बमोजिमका कागजातहरु ।
 (क) नागरिकता प्रमाणपत्रको प्रतिलिपी,
 (ख) न्युनतम् योग्यताको लब्धाङ्क प्रमाणपत्रको प्रतिलिपी,
 (ग) चारित्रिक प्रमाणपत्र,
 (घ) अनुभव भए सो को कागजात,
 (ङ) पासवर्ड साईइजको फोटो दुई प्रति,
७. **सेवा सुविधा तथा अन्यः** रोजगार संयोजकको पदपूर्ति र सेवा सुविधा सम्बन्धि मापदण्ड, २०७६ बमोजिम हुनेछ । (आवेदनको ढाँचा र रोजगार संयोजक पदको कार्यविवरण, पाठ्यक्रम, लगायत पदपूर्ति सम्बन्धि अन्य विस्तृत जानकारी प्रधानमन्त्री रोजगार कार्यक्रमको वेभसाइट www.pmep.gov.np तथा रोजगार सेवा केन्द्रबाट उपलब्ध हुनेछ ।)

**नि. प्रमुख प्रशासकीय अधिकृत**

# मलंगवा नाकाबाट प्रहरीकै संलग्नतामा तस्करी गरेको आरोप

**लक्ष्मण यादव/मध्यान्ह**
सर्लाही, २० चैत



भारतसँग सीमा जोडिएको सर्लाहीको सदरमुकाम मलंगवा (लचका) नाकाबाट प्रहरीकै संलग्नतामा तस्करी हुने गरेको आरोप लाग्ने गरेको छ । भारतबाट अवैधरूपमा सामान ल्याउने र नेपालबाट अवैधरूपमा भारत निकासी हुने मालसामानमा प्रहरीकै साठगाठ हुने गरेको आरोप लागेको छ । तस्करहरूले नेपालबाट मदिरा र भारततर्फबाट कस्मेटिक सामान, तेल, चिनी, मैदा, प्याज, कपडालगायतका सामान नेपाल भित्र्याउने गरेको र यी सबैमा प्रहरीको संलग्नता रहने गरेको स्थानीयहरु बताउँछन् ।

नाम उल्लेख नगर्ने सर्तमा एकजना स्थानीयले भने,'सामान्य घरायसी प्रयोगको सामानमा प्रहरीले रोकतोक र जाँच कडा पार्ने गरेका छन् । तर, सेटिङमा आएको सामानको कुनै जाँच नै हुँदैन ।' तस्करहरुसँग सीमा क्षेत्रमा खटिएका नेपाल प्रहरी र सशस्त्र प्रहरीले ५० देखि ५ सय रुपैयाँ लिएर भन्सार छली गरेर ल्याइएको सामान छोड्ने गरेको उनले दाबी गरे ।

'प्रशासन र दुई नम्बरीहरू दुवैको मिलोमतोमा तस्करी भइरहेको छ' सीमा क्षेत्रका अर्का एकजना नागरिकले भने,'क्यारिङ गर्ने र प्रहरीबीच कुराकानी भएपछि जसको कुरा मिल्छ त्यो छुट्छ । जसको मिल्दैन उसको सामान पक्राउ पर्छ ।' सीमा क्षेत्र नजिक रहेका स्थानीयबासीहरूले प्रहरीकै संलग्नतामा तस्करी भइरहेको दाबी गर्छन् ।

सीमा क्षेत्र नजिक रहेका स्थानीयबासीहरूले गरेका दावीको आधारमा रिपोर्टिङका लागि सोमबार सदरमुकाम मलंगवाको (लच्का) नाकामा पुग्दा लगभग १० जना तस्करहरुको समूहले मध्यान्हकर्मीलाई 'फोटो/भिडियो डिलिट गर' भन्दै धम्क्याइरहँदा शान्ति, सुरक्षा र तस्करी नियन्त्रण गर्न सीमा नाकामा खटिएका नेपाल प्रहरी र सशस्त्र प्रहरी मुखदर्शक बने । यस विषयमा जिल्ला प्रहरी कार्यालय सर्लाहीका प्रहरी प्रमुख एसपी दयानिधि ज्ञवालीलाई गुनासो गर्दा उनले पत्रकारमाथि यसरी दुर्व्यवहार गर्नेहरुलाई तत्काल पक्राउ गरेर कारबाही गर्ने बताए । उनले तस्करी नियन्त्रणमा सक्रियता बढेको पनि दावी गरे ।

**अधिकतम खुद्रा विक्री मूल्य (MRP) प्रकाशनको सूचना**

यस फर्म/कम्पनीले चाईना/इण्डिया बाट पैठारी गरेको देहायको मालवस्तुहरुको अधिकतम खुद्रा विक्री मूल्य निम्न बमोजिम भएको व्यहोरा सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

**तपसिल**

| सि. नं. | मालवस्तुको विवरण | आकार प्रकार | ब्राण्ड | मोडल | क्षमता | उत्पतिको मूलुक /राष्ट्र | ईकाई | प्रति ईकाई मूल्य | अधिकतम खुद्रा विक्री मूल्य (MRP) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Refrigerator | | HITECH | HS-131LN | 131 Litre | CHINA | Pcs | 16500.00 | 16500.00 | |

**जे एन इण्डस्ट्रीज प्रा.लि.**
**संतुगल, काठमाडौ**
**स्थायी लेखा नं ६०१८५६५५८**
**फोन नं ९८०१२३५०८०**



मध्यान्ह
राष्ट्रिय दैनिक
www.madhyanhadaily.com
२१ चैत २०८०, बुधबार
3 April 2024, Wednesday

## सम्पादकीय

# स्वार्थले संकटमा एजेण्डा

सांस्कृतिक पहिचानको एजेण्डा बोकेर उदाएको नागरिक उन्मुक्ति पार्टी (नाउपा) विभाजन उन्मुख बनेको छ । सत्ता समीकरणबारे पार्टीका संरक्षक रेशमलाल चौधरी र अध्यक्ष रञ्जिता श्रेष्ठले फरक अडान लिदा पार्टी विभाजन उन्मुख बनेको हो । सोमबार दिउँसो एकअर्का समूहका नेताहरूबीच केन्द्रीय कार्यालय अनामनगरमा हात हालाहालकै अवस्था बनेको थियो । उक्त घटनापछि अध्यक्ष श्रेष्ठले गण्डकी र बागमती प्रदेश अध्यक्षलाई पार्टीबाट बर्खास्त गरेकी छन् । तर संरक्षक रेशम चौधरीले पनि रञ्जिता श्रेष्ठ पक्षधरलाई कार्बाहीको तयारी गरेका छन् । उनले अध्यक्ष रञ्जितालाई समेत कार्बाही गर्ने प्रष्ट संकेत दिएका छन् । त्यसअघि नै रञ्जिताले रेशम पक्षका सुदूरपश्चिम प्रदेशसभाका सांसदहरूलाई कार्बाही गर्ने चेतावनी दिइसकेका छन् । अर्थात् एकअर्का समूहलाई कार्बाही गरेर पार्टी विभाजनतिर जाने संकेत दुवै पक्षले दिएका छन् ।

जबकी रेशम र रञ्जिता पति–पत्नी हुन् । टीकापुर घटनापछि आजीवन काराबासको सजाय खेपिरहेका बेला रेशमले नाउपा गठन गरेका थिए । तर जन्मकैदको सजाय आफूले खेपिरहेकाले पत्नी रञ्जितालाई अध्यक्ष बनाएर रेशम संरक्षक बसेका थिए । यसरी जेलबाट गठन गरेको पार्टीले गत वर्ष सम्पन्न स्थानीय, प्रदेश र संघको चुनावमा अप्रत्यासित मत पायो । जसको बलमा रञ्जिता संघीय सरकारमै मन्त्री बनिन् भने रेशमले आममाफी पाउने आधार सिर्जना भयो । गत वर्ष १५ जेठमा सरकारले आममाफी दिने निर्णय गरेपछि रेशम जेलमुक्त भएका थिए । उनी जेल बाहिर निस्केपछि भने राजनीतिमा सक्रिय भएका थिए । जसअनुसार, गत पुसमा पहिलो महाधिवेशन गरेर रेशम अध्यक्ष चयन भएका थिए ।

तर रञ्जिताले अध्यक्ष पद छोड्नु परेपछि असन्तुष्ट रहेका रञ्जिता गत २१ फागुनमा सत्ता गठबन्धन परिवर्तन हुँदा मन्त्रीबाट समेत हटिनन् । यद्यपि रञ्जिताले नयाँ सत्ता गठबन्धनमै सामेल हुनुपर्ने अडानमा छन् भने रेशम नेपाली कांग्रेसलाई साथ दिनुपर्ने पक्षमा छन् । यही बीच निर्वाचन आयोगले समेत रेशमलाई अध्यक्षको मान्यता नदिएर रञ्जिता नेतृत्वकै नाउपालाई वैधानिकता दियो । आयोगको वैधानिकता पाएपछि रञ्जिताले रेशमसँग खुलेर फरक मत राखिरहेका छन् । घटनाक्रममा कुनै परिवर्तन नभए यो पार्टी विभाजन नजिक पुगेको छ । अर्थात् सांस्कृतिक पहिचानको एजेण्डा लिएर खुलेको नाउपा सत्ताकै कारण विघटन नजिक छ । यो परिघटना जनादेश बिपरीत मात्रै होइन, नेपाली राजनीतिमा सत्ताका निम्ति पति–पत्नी समेत एक रहन सक्दैनन् भन्ने सन्देश जाने देखिन्छ । तसर्थ सत्ता भन्दा माथि उठेर चुनावी प्रतिबद्धता पुरा गर्ने र मुलुकको राजनीतिलाई थप बद्नाम हुनबाट जोगाउनु नाउपा नेतृत्वको दायित्व हुनेछ ।

# लैङ्गिक समानताको सवाल

अग्रलेख



● अमृता अनमोल

मुलुकको संविधानले महिला, पुरुष वा अन्य लिङ्गी भएकै कारण फरक व्यवहार हुन नहुने वा असमान व्यवहार गर्न नहुने प्रष्ट पारेको छ । पुरुष वा यौनिक तथा लैङ्गिक अल्पसंख्यकप्रतिको समान अवसर, व्यवहार र अधिकारको उपभोग हो लैङ्गिक समानता । समाजका हरेक व्यक्तिलाई सम्मानित र सुरक्षित बनाउन लैङ्गिक समानता आवश्यक छ । व्यक्तिले आत्मसम्मान महसुस गर्न शरीर, सम्पत्ति र शक्तिमा आफ्नो नियन्त्रण हुनुपर्छ । तर, महिलाका यी तीनै चिज बाँधिएका छन् । उनीहरुप्रति व्यक्ति, समाज र राष्ट्रले गर्ने पूर्वाग्रही सोचमा परिवर्तन नल्याउँदासम्म लैङ्गिक समानता संविधान र ऐन कानूनमा मात्रै हुँदोरहेछ । जुन नेपाली समाजमा देखिएको छ ।

राष्ट्रिय जनगणना-२०७८ को तथ्यांक हेर्ने हो भने महिलाको जनसंख्या पुरुषको भन्दा छ लाख ५७ हजार छ सय ७६ बढी छ । कुल जनसंख्या दुई करोड ९१ लाख ६४ हजार पाँच सय ७८ हुँदा महिला ५१.०४ प्रतिशत छन् भने पुरुष ४८.९६ प्रतिशत । महिलाको जनसंख्या बढ्दै मात्र छैन पति, बाबु, ससुरा, दाइभाइ विदेश पठाएर घर सम्हाल्ने पनि धेरै महिला बनेका छन् । यो राम्रो कुरा हो । तर, जनगणनाकै तथ्यांकले विदेश बस्ने जनसंख्या २१ लाख ९० हजार पाँच सय ९२ देखाएको छ । यसमा पुरुषको हिस्सा ८१.२८ प्रतिशत छ भने महिला जम्मा १८.७२ प्रतिशत छन् । पुरुषलाई वैदेशिक रोजगारीमा पठाएर घर सम्हाल्ने हुने वा आफैं कमाउने महिला बढ्दै गए पनि घरमूली बन्ने र सम्पत्तिको मालिक बन्ने महिला भने बढेका छैनन् । असमान शक्ति सन्तुलनले संरक्षणको भूमिका निभाए पनि महिलालाई मालिक बनाएको छैन । मालिक नबन्दा आफूअनुकुल सम्पत्ति उपभोग गर्न र अधिकार प्रयोग गर्न पाएका छैनन् । यसले महिलामाथिको असमान व्यवहार र थिचोमिचो हटेको छैन ।

जनगणनाकै अर्को तथ्यांकले सम्पत्तिमा महिला कसरी बञ्चित छन् प्रष्ट पार्छ । तथ्यांकअनुसार नेपालमा २.३ प्रतिशत महिलाको मात्रै घरमा स्वामित्व छ । सम्पत्तिमा स्वामित्व हुने महिला जम्मा ९.७ प्रतिशत छन् । घरजग्गामध्ये केहीमा अर्थात् सम्पत्तिमा स्वामित्व हुने महिला १.८ प्रतिशत छन्, ७४.६ प्रतिशत महिलाको घरजग्गा केहीमा पनि स्वामित्व छैन । महिलाकै जिम्मामा घरपरिवार चले पनि महिला घरमूली बन्न अझै सकेका छैन् । नेपालका ३१.५ प्रतिशत महिला मात्रै घरमूली बन्न सकेका छन् । अर्थात् घरघरमा अझै पनि पितृसत्ता छ । घरपरिवार सम्हाल्ने महिला तर घरमूली बन्ने चाहीँ पुरुष । यसले महिलामाथि आफ्नै परिवारले भर नगरेको र लैंगिक असमानता एवम् विभेदलाई उदाङ्गो बनाएको छ ।

नेपालको संविधानले महिलालाई आफ्नो शरीर आफ्नो अधिकारको सुनिश्चित गरेको छ । अर्थात् पहिलोपटक महिलालाई सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्यसम्बन्धी हक दिएको छ । यसले महिला गर्भवती हुने वा नहुने रोज्न पाउनेदेखि राज्यबाट सुरक्षित मातृत्व सेवा पाउनु पर्ने अधिकारलाई समेट्छ । विवाह गर्ने वा नगर्ने, कहिले गर्ने, कोसँग गर्ने, सन्तान जन्माउने वा नजन्माउने कति जन्माउने र कहिले जन्माउने भन्ने अधिकार महिलाले निर्णय गर्न पाउँछिन् । सेवालाई सुरक्षित, गुणस्तरीय, सर्वसुलभ तथा पहुँचयोग्य बनाउन सुरक्षित मातृत्व तथा प्रजनन अधिकार ऐन, २०७५ लागू गरिएको छ । तर, अहिले पनि बाबुआमाले रोजेको केटासँग विवाह नगर्दा परिवार त्याग्नुपरेका र सन्तान नजन्माउँदा पतिले छोड्ने गरेका थुप्रै घटना छन् । विवाहदेखि सन्तान जन्माउने बेलासम्म आइपुग्दा महिलामाथि थुप्रै विभेद् र हिंसा भएका छन् ।

अझै पनि धेरै महिला कम उमेरमा विवाह गर्न बाध्य छन् । जनगणनाको तथ्यांकमा विहेवारी २० पारी भनेपनि पहिलो विवाह गर्दाको औसत उमेर महिलाको १८ छ भने पुरुषको २१ छ । विहे भएकामध्ये ४५ हजार ७७३ अर्थात् ०.५ प्रतिशत महिलाले १० वर्ष पनि नपुग्दै विहे गरेका छन् । नेपाली समाज अझै पनि छोरा जन्माउन लालायित छ । यसले छोरा र छोरीबीच गर्भदेखि नै विभेद छ । छोरी भए जन्म नै नदिए



*स्वस्थ र समतामूलक समाज निर्माण गर्न लैङ्गिक समानता आवश्यक छ । त्यसका लागि लैङ्गिक संवेदनशीलता बुझ्नैपर्ने हुन्छ । समान भन्दैमा सबैलाई उस्तै अवसर र उपयोगिता नहुन सक्छ । त्यसका लागि समतामूलक व्यवहार चाहिन्छ ।*

परिपाटी बढेको छ । प्रजनन् योग्य महिलाले जन्माएका एक करोड २७ लाख नौ हजार ९६९ सन्तानमा छोरीको संख्या जम्मा ४७.३ प्रतिशत छ । जबकि छोरा ५२.७ प्रतिशत छन् । भरखर जन्मिएका सन्तानमा छोरीको संख्या करिब पाँच प्रतिशतले कमी छ । यसले भविष्यमा ठूलो लैंगिक असमानता मात्रै होइन, संकट निम्ताउनेवाला छ ।

लैङ्गिक समानताको अर्को सूचक हो शक्तिमा पहुँच र नियन्त्रण । यसमा पनि महिला कमजोर छन् । महिलाहरु दैनिक १८ घण्टासम्म काम गर्छन् । घरपरिवार हेर्ने र भान्सा सम्हाल्ने काम महिलामाथि छ । तर, यसलाई काम मानिन्न । पारिश्रमिक पनि दिइदैन । महिलाहरु आर्थिक उपार्जनका काममा कम सहभागी छन् । तथ्यांकअनुसार देशका ४२.९ प्रतिशत महिलाले आर्थिक उपार्जनको काम गर्दैनन् । यस्तो संख्या पुरुषको ३१.६ प्रतिशत छ । आर्थिक उपार्जनका काम गरी हाले पनि धेरै महिलाले परम्परागत काम गरेका पाइन्छन् । जस्तो कि आर्थिक काममा संलग्न महिलामध्ये ५६.९ प्रतिशत महिला कृषि मजदूरीको काम गर्छन् । २६.९ प्रतिशत अन्य पारिश्रमिकका काम गर्छन् । प्राविधिक तह, डाक्टर इन्जीनियरजस्ता विशेषज्ञता भएका काममा महिला संलग्नता असाध्यै कम छ । सेवामूलक र कम आर्थिक उपार्जनका काम गर्दा महिलाको आर्थिक पहुँच कमजोर छ । राजनीतिमा निर्णायक तहमा नहुँदा शक्ति र नियन्त्रण पनि पुरुषको हातमा छ ।

लैङ्गिक असमानता हुनु भनेको महिला, पुरुष र अन्य लिंङ्गी भएकै कारण असमान र भेद्भावपूर्ण व्यवहार हुनु हो । व्यक्तिलाई आफ्नो कस्तो व्यवहारले लैङ्गिक असमानता र हिंसा भएको छ भन्ने ज्ञान नहुनु पनि हो । ज्ञान भएकाले पनि व्यवहारमा ढाल्न प्रतिवद्ध नपारिनु हो । लैङ्गिक असमानताले पुरुषलाई आर्थिक काम गर्नैपर्ने बोझ थपेको छ । महिलामाथि शरीरदेखि स्वतन्त्र बाँच्न पाउने अधिकार खोसेको छ । लैङ्गिक हिंसा थोपरेको छ । कुनै व्यक्ति महिला, पुरुष वा अन्य यौनिक पहिचान भएकै कारण गरिने हिंसा लैङ्गिक हिंसा हो । असमान शक्ति सन्तुलनका कारण लैङ्गिक हिंसा महिलामाथि धेरै छ । समाजमा महिला, पुरुष र अन्य यौनिक पहिचान भएकै नाताले उनीहरुले सम्पादन गर्नुपर्ने भूमिका, जिम्मेवारी, काम, कर्तव्य निर्धारण हुन्छ । यही कारण लैङ्गिक असमानता र हिंसा भइरहेको हो ।

नेपाल प्रहरीको तथ्यांकअनुसार हरेक चार महिलामध्ये एक जनाले कुनै न कुनै लैंगिक हिंसा भोगेका छन् । बालविवाह, बहुविवाह, दाइजो, छाउपडीजस्ता हानीकारक प्रथा र जबर्जस्ती करणी, बेचबिखन, गर्भपतन जस्ता महिलालाई वस्तुका रुपमा प्रयोग गर्न खोज्ने मानसिकता लैङ्गिक हिंसाका कारक तत्व हुन् । गर्भमा छोरी भएको थाहा पाउँदा भ्रुण हत्या गर्ने प्रचलन अझै छ । धर्मका आडमा महिलामाथि गरिने विभेद् उस्तै छ । पितृसत्ताका कारण राजनीति, रोजगार, ज्याला, प्रजनन्, कार्यस्थलमा दिने जिम्मेवारी, बजेट तथा कार्यक्रममा लैङ्गिक विभेद् छ । तिनै विभेद्ले पनि हिंसा जन्मिएको छ । धेरैले रुढीवादी संस्कार मान्दा तर लैङ्गिक संवेदनशीलता नबुझ्दा हिंसा गरेको देखिन्छ ।

स्वस्थ र समतामूलक समाज निर्माण गर्न लैङ्गिक समानता आवश्यक छ । त्यसका लागि लैङ्गिक संवेदनशीलता बुझ्नैपर्ने हुन्छ । समान भन्दैमा सबैलाई उस्तै अवसर र उपयोगिता नहुन सक्छ । त्यसका लागि समतामूलक व्यवहार चाहिन्छ । पुरुष, महिला र यौनिक तथा लैंगिक अल्पसंख्यकका लागि गर्नुपर्ने थुप्रै फरकखाले विषय हुन्छन् । त्यस्ता विषयमा राज्यले संवोधन गरिदिनुपर्छ । फरक लिङ्गीका फरक आवश्यकता बुझ्न र अहिलेसम्मको धारणा फेर्न बोलीदेखि व्यवहार, नीतिदेखि कार्यक्रमसम्म लैङ्गिक संवेदनशीलता चाहिन्छ । लैङ्गिक संवेदनशीलताले मात्रै लैङ्गिकताका आधारमा हुने सबै प्रकारका हिंसा विभेद् कुरीति अन्धविश्वास अपराध बहीष्करण र बन्चितीकरणलाई अन्त्य गर्दै महिला र पुरुषबीच हुने गरेका सबै किसिमका विभेद् र असमानता हटाउन सकिन्छ । बालबालिका, किशोर, वयस्क, वृद्धा महिला र सबै लिङ्गका व्यक्तिलाई बिना भेदभाव सम्मानीत जीवनयापन गर्न सक्षम तुल्याउन सकिन्छ ।

संघीयता कार्यान्वयनसँगै देशमा सात प्रदेश सरकार छन् । तिनमा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसहित कम्तीमा सातदेखि १५ मन्त्रालय छन् । त्यस मातहतका महाशाखा र एक दर्जन बढी निर्देशनालय छन् । जिल्ला तहमा विषयगत डिभिजन कार्यालय खोलिएका छन् । तर, जनसंख्यामा करिब ५१ प्रतिशत महिलालाई सम्बोधन गर्न कुनै संरचना छैन । मन्त्रालय, महाशाखा, निर्देशनालय, डिभिजन कार्यालय कतै पनि महिलाको छुट्टै संरचना छैन । प्रदेश संरचना बनाउँदा महिलाको आवश्यकता, मूल्याङ्कन र भूमिका बिर्सिइएको छ । संघीयतामा महिला खोलो तर्यो लौरो बिर्स्यो भनेजस्तै भएको छ । लैङ्गिक समानता, महिला सशक्तीकरण बढाउन लैङ्गिकताका आधारमा हुने हिंसा घटाउन र तिनमा पैरवी गर्न छुट्टै संरचना बन्नुपर्छ । बल्ल लैङ्गिक समानता कायम राख्न र महिला अधिकारको उपलब्धि संस्थागत गर्न सहज हुनेछ ।

राजनीतिक नेतृत्व तहमा लैङ्गिक वा महिला संरचना महिलाका लागि मात्रै हो भन्ने गलत बुझाइ छ । महिला वा अन्य लिङ्गीको अधिकार खोज्नु पुरुषको अधिकार घटाउने हो भन्ने गलत धारणा छ । लैङ्गिक समानता खोज्नु पुरुषलाई असमान व्यवहार गर्नु होइन । पुरुषको अधिकार खोस्नु पनि होइन । बरु पुरुषको स्थानमा महिला र अन्य लिङ्गीलाई पनि पुर्याउनु हो । फरक लिङ्गीका फरक पहिचान, आवश्यकता र समस्या हुन्छन् त्यसलाई बुझ्नु हो । लैङ्गिक संवेदनशीलता सबैले बुझ्न जरुरी छ । लैङ्गिक समानताका लागि महिला मात्रै होइन पुरुष पनि बोल्न र जुट्न आवश्यक छ ।

## सामाजिक सञ्जाल



- डम्मर खतिवडा

सहकारी ठगी देशको ठूलो समस्या भइसक्यो । रास्वपा नेताहरू मुछिए भनेर मात्रै हैन, मुछिएका, संलग्न भएका अरु पार्टीका पनि धेरै छन् । नियमित प्रक्रियाबाट निष्पक्ष छानबिन, कारबाही र पीडितहरूको न्याय सम्भव छैन । कांग्रेसले भनेजस्तो संसदीय छानबिनले पनि पुग्दैन, अब नागरिक छानबिन आयोग चाहिन्छ ।



- राधाकृष्ण कटवाल

नेपालीमा नाम हुनु राम्रो कुरा हो तर, नाम परिवर्तन गर्नु नै शिक्षाको गुणस्तर बढ्नु होइन । महानगरले नीजि स्कुलको नाम अनिवार्य परिवर्तन गर्नुपर्ने अल्टिमेटल दिएको छ तर, नामभन्दा पनि शिक्षामा चरम व्यापार छ । पुस्तक, पोशाक, वार्षिक शुल्क, गाडी भाडा र दिवा खाजामा चरम लुट छ यता ध्यान देऊ न ।



- विष्णु ढकाल

दक्षिण छिमेक तिर चुनावको मिति घोषणासँगै सत्तारूढ पार्टीको अवस्था कमजोर हुँदै गएको देखिन्छ । मुलरूपमा उनै पुराना र केही नवोदित पार्टीहरू सत्तामा आउने छन् । नयाँ ऐजेण्डा केही छैनन् जनतामा वर्तमान प्रताडनाले पोलेको र १० वर्ष पुराना कुरा बिर्सिएर परिवर्तनको अपेक्षा छ तर, प्रवृत्ति उस्तै ।



- नवराज पन्त

केन्द्रमा सरकार बनेको २/३ महिनासम्म प्रदेश सरकार नबन्ने किचलो देखियो । यो हिसाबले राष्ट्रको विकास बजेट केन्द्रले छुट्याए पनि प्रदेशले विकास गर्न नदिने आदि समस्या बल्झिन सक्ने देखियो । अब राज्य नियन्त्रित लोकतन्त्र जानैपर्ने हुनसक्छ । नत्र हामीले चीन र भारतको विकास रफ्तारलाई पक्रन सक्दैनौं ।

# पर्यटन विरोधी नीति र व्यवहार

विचार



● नारायण गाउँले

*भ्रमण वर्ष, पर्यटनको राजधानी, भू-स्वर्ग, देवभूमि जस्ता दुई चार दर्जन नेता मञ्चमा राखेर गरिने घोषणाभन्दा आधारभूत तहमा काम गरेर नीति र पूर्वाधार निर्माण गर्ने हो भने भ्रमण गर्नेहरू आफैं बढ्थे होला ।*

यतिबेला 'घुमौं भरतपुर' भन्ने अभियान चल्दै रहेछ । पोखराले त आफैले आफैलाई पर्यटनको राजधानी घोषणा गरेको रहेछ । बुटवलबाट जम्मा १२० किमीको बाटो पार गरेर भरतपुर आउन झण्डै ६ घण्टा लाग्छ । धुलोले मान्छेको अनुहार चिनिन्न ।

काठमाडौंबाट बसमा पोखरा पुग्न एक दिन लाग्ने रहेछ । कुइरीमण्डल धुलो र खाल्डाखुल्डीले शरीर र फोक्सो कस्तो होला, हिँड्नेहरूले मात्रै बताउलान् । एकपटक यो बाटोबाट आउने पर्यटक शायदै जीवनमा अर्को पल्ट फर्केर आउला ! सडक छेउका लाखौं नागरिकले अति खतरनाक र चिन्ताजनक स्तरको स्वास्थ्य समस्या भोगिरहेका छन् । त्यसबारे सोच्न त हामीलाई फुर्सद नै छैन ।

विकल्प भनेको हवाइ मार्ग हो । नेपालको बस यात्रा विश्वकै सस्तो र हवाइ यात्रा महँगो मध्येको एक रहेछ । २५ मिनेटको काठमाडौं-भरतपुर एकतर्फी यात्राको टिकटदर ४७ सय रुपियाँ छ, जुन झन्डै ३५ डलर जति हो । बुद्ध एअरको एकछत्र व्यापार रहेको यो रुटमा लाग्ने भाडाले युरोपमा अन्तर्देशीय उडान गर्न सकिन्छ ।

अझ रोचक र राष्ट्रिय लज्जाको विषय के छ भने पर्यटनमैत्री देश भनेर चिनाउन चाहने राष्ट्रियता हेरेर टिकट मूल्य तोक्छ । भारतीय पर्यटकले पाँच हजार तिर्ने टिकट चिनियाँ यात्रीले काट्ने बित्तिकै डबल मूल्यको हुन्छ । यस्तो विभेद सायदै अन्यत्र भेटिएला ।

